# ३.५ हुम्लामा खाद्य सुरक्षाको प्रश्नः खाद्यान्न उत्पादन र उपभोगमा आएको परिवर्तन

हिमालय र उच्च पहाडी क्षेत्रको खाद्यान्न उत्पादन र उपभोगको परम्परागत ढाँचामा परिवर्तन आउन थालेको छ। हुम्ला लगायतका हिमाली जिल्लाहरू हवाइ र स्थल सडक सञ्जालमा जोडिएसँगै निर्वाहमुखी आत्मनिर्भर अर्थतन्त्र खलबलिएको छ। हालैका वर्षहरूमा जलवायुमा आएको परिवर्तन, खाद्यान्न उपभोगमा परेको विश्वव्यापीकरणको असर जस्ता कारण विगतमा खाद्यान्नमा आत्मनिर्भर रहेका कतिपय हिमाली क्षेत्रमा समेत खाद्य सुरक्षाका सवालमा चुनौती थपिएको छ।

पशुपालन, परम्परागत कृषि, मौसमी बसाइसराइ, जडिबुटी उत्पादन तथा बेचविखन यहाँका प्रमुख पेशा हुन्। कूल क्षेत्रफलमध्ये ४ हजार २ सय ६७ हेक्टर खेती योग्य जमिन रहेको हुम्ला जिल्लाका किसानहरूले कोदो, फापर, चिनो, कागुनो, मकै, सिमी, उवा, जौ, गहुँ, धान (मार्सी, लट्टे), आलु, नाफल, स्याउ, चुली, खामु लगायतका अन्नबाली र फलफूल उत्पादन गर्ने गरेका छन्। पछिल्लो समय जिल्लाको खाद्यान्न उत्पादन, उपभोग र बजार प्रबन्धमा परिवर्तन देखापरेको छ। स्थानीय उत्पादनप्रतिको वितृष्णा र मूलतः बाहिरबाट खाद्यान्न आयात गरिएका कारण परनिर्भरता बढेको छ।

जिल्ला कृषि कार्यालय, हुम्लाका अनुसार जिल्लामा ५ हजार ५ सय ८७ क्विन्टल खाद्यान्न उत्पादन हुने गरेको छ। हिमाली जिल्लामा प्रति व्यक्ति खाद्य आवश्यकता ५० केजी हुने भएकोले ५५ हजार ७ सय ६२ जनसङ्ख्याका लागि थप ०.५ प्रतिशत खाद्य उत्पादन आवश्यक पर्ने देखिन्छ।

यस क्षेत्रमा गैर स्थानीय खाद्य उत्पादन आयात गर्ने प्रचलन २०२२-०२३ सालदेखि सुरु भएको हो। अहिले पनि वार्षिक रूपमा यस जिल्लाबाट ५ देखि ७ प्रतिशत खाद्य सामग्री निर्यात हुने गरेको जिल्ला कृषि विकास कार्यालय, हुम्लाको तथ्याङ्कमा उल्लेख छ। तर, हाल खाद्यान्न आयातको परिमाण बढेर ४५ देखि ५० प्रतिशतसम्म पुगेको छ। स्थानीय कृषकहरूको खेती प्रणालीमा सहभागिता बढेको देखिए पनि आयातको मात्रा निरन्तर वृद्धि हुँदै जानुले हुम्ला जिल्लामा खाद्य सुरक्षाको अवस्था चिन्ताजनक देखिएको छ।

जलवायु परिवर्तनले कृषि प्रणाली र उत्पादनको चक्रमा अवसर र चुनौतीसँगै लिएर आएको छ। हिमाली जनताको जीवनचक्रमा जलवायु परिवर्तनले उत्पन्न गरेको न्यायको सवाल र जीविकासँग जोडिएका सरोकारका विषयहरू थुप्रै छन्। खाद्य सुरक्षा र सम्प्रभुत्ताको विषय पनि जलवायु न्याय, विश्वव्यापीकरण तथा खानपिनको बानी (फुडह्याबिट) मा आएको परिवर्तनसँग सम्बन्धित देखिन्छ। कतिपय अवस्थामा हिमाली जिल्लाका तल्लो क्षेत्रमा धान खेती सम्भव हुँदै जानु, स्याउ लगायत नगदेबाली प्रवर्द्धन हुँदै जानुले उत्पादनको अवस्थामा आएको परिवर्तनलाई सङ्केत गरेको छ।

व्यापारी र खाद्य संस्थानमार्फत निरन्तर करोडौंको खाद्यान्न आयात हुने क्रम बढ्दै जानुले यस जिल्लामा खाद्य सुरक्षामा जोखिम थपिएको देखिन्छ।

### हिमाली जिल्लामा खाद्य सुरक्षाको सवाल

खाद्यान्न अभाव, भोकमरी र गरिबीका विषयमा प्रशस्त समाचार प्रकाशन हुँदै आएको भए पनि सम्बद्ध सरकारी निकायसँग यससम्बन्धी तथ्याङ्कहरूको एकीकृत सँगालो प्राप्त गर्न भने मुस्किल पर्छ। खाद्य अभाव र असुरक्षाको सरोकारलाई गरिबी र हिमाली जिल्लाको जीवनचक्रको दुःखको रूपमा बुझ्ने र त्यही अनुरूप व्याख्या गर्ने गरेको पाइन्छ। खाद्य सुरक्षाको विषय प्रत्यक्ष रूपमा जलवायु न्याय तथा वातावरण संरक्षणको प्रमुख सरोकार बन्नु पर्ने देखिन्छ।

जैविक विविधताको हिसाबले कर्णाली सबैभन्दा धनी छ। उच्च हिमाली क्षेत्रको हावापानीमा पाइने मध्ये सबैभन्दा बढी गुलियोपना भएको स्याउ हुम्लामा पाइन्छ। यहाँ रातो मार्सी, कागुनो,लट्टे, सिमी, मकै, कोदो, फापर, जौ, स्याउ, जडीबुटी, आलु, पिँडालु, चिनोलगायतका अन्न उत्पादन हुने गरेको छ। यहाँको जस्तो कृषि उत्पादनको विविधता अन्यत्र बिरलै भेटिन्छ।

एक ठाउँमा उत्पादन भएको अन्नबाली, फलफूल अर्को ठाउँ लैजान तीनदिन देखि चार दिन लाग्ने भएकोले यहाँका कृषकहरूले यसबाट लाभ लिन भने सकिरहेका छैनन्।

तीनैवटा तहका सरकारहरूले सञ्चालन गरिरहेका कृषि विकास कार्यक्रम अन्तर्गत कृषकलाई प्रोत्साहन दिने अनुदानका कार्यक्रमहरू आमजनताको पहुँचमा पुग्न सकेको देखिँदैन। सरकारी लक्ष्य योजनामा मात्र सीमित भएको देखिन्छ। जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि परिचालन गरिने स्रोतहरूबाट हिमाली जिल्लाका कृषकले पर्याप्त लाभ लिन सकेको देखिँदैन्। ती स्रोतहरूको यथोचित परिचालनबाट रैथाने बालीहरू जोगाउन र संरक्षण गर्न सघाउ हुने अपेक्षा पूरा हुन नसकेको स्थानीय कृषकहरु बताउँछन्। खाद्य आनीबानी परिवर्तन भएर स्थानीय खानामाथि भएको हस्तक्षेपले हिमाली जिल्लाको खाद्य सम्प्रभुतामा परेको असरका कारण स्थानीय कृषकहरूको नागरिकको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार प्रभावित भएको छ।

## हुम्लामा खाद्यान्न आयातको अवस्था

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा, कार्यालय हुम्ला र यस अर्न्तगतका डिपो तथा बिक्री केन्द्रबाट वार्षिक रूपमा करिब ३० देखि ३२ हजार क्वीन्टल खाद्यान्नको खपत हुने गरेको छ। आर्थिक वर्ष ०७८-०७९ करिव २० करोड मूल्य बराबरको खाद्यान्न बिक्री भयो। आर्थिक वर्ष ०७६-७७ मा जिल्लाभर २४ हजार ९ सय २१ क्वीन्टल चामल बिक्री भएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी, हुम्ला शाखाले जनायो। जिल्ला शाखा कार्यालय सिमकोट, श्रीनगर डिपो, सर्केगाड डिपो, छेप्रेला बिक्री केन्द्र, याँचु र याल्वाङ बिक्री केन्द्रबाट १५ करोड ६७ लाख ३४ हजार बराबरको चामल बिक्री भएको थियो।

यस जिल्लामा हालसम्म खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय, श्रीनगर र सर्केगाड डिपो कार्यालय, छप्रेला, बालुकुना, देउली, खार्पुनाथ, याल्वाङ र लिमी गरि जम्मा ६ ओटा बिक्री केन्द्र रहेका छन्। गत आर्थिक वर्ष ०७८-०७९ मा शाखा कार्यालयका लागि करिब ३१ हजार क्वीन्टल खाद्यान्न माग भएको भए तापनि शाखा कार्यालय हुम्लामा हवाई तथा स्थलमार्ग गरि जम्मा १४ हजार ७ सय २६ क्वीन्टल खाद्यान्न ढुवानी भएको थियो।

## खाद्य उपभोगमा निर्भरताको आयाम

यस जिल्लाका ७ गाउँपालिका र ४४ वडाका विभिन्न भागमा करिब ८५ प्रतिशत भूभागमा खेती हुँदै आएको छ। 'पुसको हिउँ शिला, माघको हिउँ बिला, फागुनको हिउँ टिलाफिला' भन्ने आहान हुम्लामा प्रसिद्ध छ। स्थानीय कृषकले वर्षभरि खेतीपाती गर्छन् तर, उचित मूल्य पाउन सकेका छैनन्। गाउँबाट विभिन्न अन्नबाली सिमी, मकै, भटमास जस्ता अन्नहरू बजारमा बिक्री गर्ने गरेको भए पनि उनीहरूले लागत र परिश्रम बमोजिमको मूल्य नपाएको गुनासो गर्दै आएका छन्। स्थानीयस्तरमा हरेक कृषकले स्याउ, ओखर, आरु लगायतका फलफूलहरू उत्पादन गरे पनि बजार नहुँदा त्यसै खेर जाने गुनासो छ। हाल सञ्चारको पहुँच र जनचेतनाका कारण केही कृषकहरूले सीमित रूपमै भए पनि लाभ लिन थालेका छन्। सिमकोट गाउँपालिका-३ का छिरिङ लामाले फलफूल नर्सरी र तरकारीबाट बर्सेनी चारदेखि पाँच लाख रुपियाँसम्म आम्दानी गर्दै आएका छन्।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय, सिमकोटले २०७८ कात्तिक महिनामा दशैँमा कुहिएको जापानी चामल बिक्री गरेको थियो। शाखाको गोदामबाट २०७८ असोज १४ गतेदेखि नियमित रूपमा सिमकोट गाउँपालिका भित्रका नागरिकलाई डेढ वर्षदेखि बाँकी रहेर कुहिएको चामल बिक्री गरेको स्थानीयले गुनासो गरेका थिए। नाम्खा गाउँपालिका-६ को लिमी गाउँमा २०७७ कात्तिक महिनादेखि खाद्यान्नको अभाव भएपछि वडाध्यक्ष पाल्जोर तामाङ सहित स्थानीयहरू खाद्यान्नको जोहोका लागि सिमकोट शाखा कार्यालयलाई अनुरोध गरेका थिए। तर, पनि उक्त समस्या हल नभएपछि स्थानीय बासिन्दा चामलको पहलका लागि ०७७ मङ्सिर ६ गते काठमाडौँ पुगेर सरकारलाई अनुरोध गरेका थिए। आलु र उवा मात्रै उत्पादन हुने चीनसँग जोडिएको नाम्खा गाउँपालिकामा यतिखेर पनि खाद्यान्नको समस्या चुलिँदै आएको छ।

## जलवायु परिवर्तन र खाद्य सुरक्षा

पछिल्लो समय जलवायु परिवर्तनका कारण वनपाखा र गाउँबस्तीमा कम हिमपात हुन थालेपछि हुम्ली किसानका सपनामा तुसारापात हुन थालेको छ। पहिले पहिले हुम्लामा अत्यधिक हिउँ पर्थ्यो। कर्णालीका हुम्ला, मुगु, डोल्पा, जुम्ला, कालीकोटका जिल्लाका पाखा, पखेरा, डाँडाकाँडा र हिमाल अत्यन्त सुन्दर र

मनमोहक देखिन्थे। जति बाक्लो हिउँ पर्थ्यो त्यति नै स्थानीय खाद्य बालीको उत्पादन बढ्थ्यो।

पछिल्लो समय जलवायु परिवर्तनको असर यहाँ पनि देखिन थालेको छ। कम हिउँ कम समयमै पग्लेर सकिन्छ। हिउँ पग्लेर सकिएपछि चैततिर जमिन निकै सुक्खा हुन्छ। उब्जनी कम हुन्छ। धुलो उड्न थाल्छ। त्यसैले पनि जति कम हिउँ पर्छ हुम्ली जनता त्यति नै बढी चिन्तित हुन्छन्। बाक्लो हिउँ परेपछि असोज महिनादेखि पुससम्म छरिने जेठासी बाली उवा, जौ र गहुँको उत्पादन राम्रो हुन्छ। यो समयमा जति बाक्लो हिउँ पर्छ, त्यति नै चैत, वैशाखतिर छर्ने सुरु हुने कात्तिके बाली कोदो, फापर, चिनो, मार्चे, लट्टे, भटमास, धान, सिमी, कागुनो, आलु आदिको उत्पादन राम्रो हुन्छ।

बालीनाली मात्र होइन, हुम्लीको जीवनबुटी मानिने यार्चागुम्बा, जटामसी, अत्तिस, र सेतो चिनीजस्ता बहुमूल्य जडीबुटीको उत्पादनमा पनि अहिले पर्ने हिउँको ठूलो योगदान देखिन्छ। पछिल्लो समय कर्णालीका हिमाली जिल्लामा जलवायु परिवर्तनका कारण पर्याप्त हिउँ पर्न छाडेको छ।

सदरमुकाम समेत रहेको सिमकोटमा खाद्यान्नको समस्या हुने गर्दथ्यो। यहाँ चिसो अत्यधिक हुने भएकाले अन्न उत्पादन निकै कम हुन्थ्यो। दुई बाली उत्पादन हुन समेत धौ धौ हुने गर्दा जीवन गुजारा गर्नलाई सास्ती हुन्थ्यो। सिमकोटमा अन्न उत्पादन न्यून हुने गरेपछि बिहान र बेलुकाको छाक टार्नका लागि जिल्लाका अन्न उत्पादन बढी हुने गाउँमा गएर चिनो, फापर, कोदो जस्ता अन्न किनेर ल्याउनु पर्दथ्यो।

२०२५ सालतिर सरकारलाई खाद्यान्न उपलब्ध गराउनका लागि अनुरोध गरियो। सिमकोटका लागि अन्न किन्ने सहज ठाउँ खार्पुनाथ गाउँपालिका-१ को लाली, सोही पालिका २ को थाली र ३ को राया गाउँ थियो। त्यहाँ सिमकोट गाउँपालिका भन्दा अन्न उब्जनीमा केही फरक थियो। त्यति मात्रै नभएर हुम्लाका स्थानीय अन्न लिन बाजुरा जिल्लाको रुघिन भन्ने गाउँमा जाने गर्दथे। सेतो चामलबाट बञ्चित भए पनि केही गाउँबस्तीमा प्रशस्त अन्न उत्पादन हुन्थ्यो। तर, सिमकोटमा माटोका कारणले अन्न प्रशस्त उत्पादन हुँदैन।

स्थानीयले नेपाल सरकारसँग अनुदानको खाद्यान्न पहलकदमी गरिसकेपछि हुम्लाका लागि खाद्यान्न कोटा स्वीकृत हुन थाल्यो। सरकारले खाद्यान्न ढुवानीका लागि हवाइजहाजको व्यवस्था गऱ्यो। २०२६ सालदेखि खाद्यान्न आयत हुन थाल्यो। नेपालगञ्जबाट ढुवानीका लागि हवाइ उडान भए पनि हुम्लाको सदरमुकाम, सिमकोटमा विमानस्थल थिएन। २०२६ सालको चैत महिनामा हवाइ जहाजले बजारको खाली चौरमा चामल खसाल्न खोजे पनि चामल सबै बजार क्षेत्र भन्दा बाहिर पऱ्यो।

बजार बाहिर भिरालो जमिनमा स्थानीयले लडीबुडी गर्दै गरेको चामलका बोरा समात्न पुगे। हुम्लामा खाद्यान्न आयात भयो। तर, जिल्लाका साविकका २७ वटा गाविस र हालको सातवटा गाउँपालिकाका गाउँबस्तीलाई पुग्न त के सदरमुकाम आसपासका स्थानीयले पनि पर्याप्त खाद्यान्न पाएनन्।

हुम्लामा खाद्यान्न आयात हुँदै गयो। जिल्लाका विभिन्न बस्तीमा डिपो र बिक्री केन्द्र स्थापना भए। सामान्य रूपमा ती डिपो र बिक्री केन्द्रमा पनि खाद्यान्न ढुवानी हुन थाल्यो। सामान्य रूपमा खाद्यान्न उपलब्ध भए पनि सिमकोटमा २०३८ सालमा पून: ठूलो भोकमरी भएपछि जिल्ला बाहिरबाट सरकारले हवाइजहाजमार्फत मकै खरिद गरि यहाँका नागरिकलाई उपलब्ध गरायो। सरकारले उपलब्ध गराएको मकै खाँदा सिमकोटका दुई जनाको मृत्यु भयो।

नाम्खा गाउँपालिकामा सबै भन्दा बढी उत्पादन हुने गहुँ र आलु हो। यस क्षेत्रका स्थानीय बासिन्दा लामो समयदेखि चीनको ताक्लाकोटमा आवत जावत गर्ने गरेका छन। यस्तै आवज जावतका कारण स्थानीय बासिन्दाको खानपिनदेखि लत्ताकपडाको जोहो गर्न सजिलो हुन्थ्यो। प्रत्येक घरपरिवारको दुईदेखि तीनजना ज्यालादारीमा काम गर्थे। त्यही कमाएर ल्याएको नुन, चामल, आँटो र तेल घरपरिवारको सहारा बन्थ्यो। अझ विशेष गरेर नाम्खा गाउँपालिका-६ को लिमीका तीनवटा गाउँ हल्जी, तिल र जाङका स्थानीयवासीको ताक्लाकोटमै घरबास समेत हुने गरेको थियो। तर, पछिल्लो समय नाम्खाका नागरिक मात्रै नभई २०६० सालदेखि हुम्लाका अन्य ६ ओटा गाउँपालिकाका २५ प्रतिशत नागरिकहरू पनि ताक्लाकोटमा गएर कमाउन थाले।

हुम्लामा पर्याप्त खाद्यान्न उत्पादन नहुने भएपछि विदेशिनु पर्ने बाध्यता भयो। घरपरिवारको भोको पेट ढाक्नका लागि विदेशिएर कमाइ गर्ने बाटो पनि विगत तीन वर्षदेखि कोभिड-१९ का कारण बन्द भयो। जसकाकारण अझ थप समस्या लिमीका तीनओटा गाउँका स्थानीयलाई परेको छ। हिल्सा नाका बन्द भइसकेपछि उनीहरूलाई ताक्लाकोट जान बन्देज भयो। लिमीका तीनओटा गाउँमा उवा र आलु बाहेक अन्य

कुनै पनि अन्नबाली उत्पादन हुँदैन। त्यो पनि वर्षमा एकपटक मात्रै हुन्छ। तीनवर्ष देखि यहाँका नागरिकलाई जीवन जिउन समेत हम्मे हम्मे बन्दै आएको छ। सरकारले कहिलेकाहीँ खाद्यान्न ढुवानी गर्छ तर, त्यो यहाँका बासिन्दालाई पर्याप्त हुँदैन।

हुम्लाको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट सिमकोट गाउँपालिकाका प्रत्येक नागरिकले खाद्यान्न पाउन निकै कठिन हुन्थ्यो। २०५५ देखि २०६८ सालसम्मको कुरा हो हुम्लाका नागरिकले खाद्य संस्थानबाट पाँच किलो चामल लिनका लागि नेपालीका ठूला पर्व तिहार, छठपर्व र पूर्णिमा पर्थ्यो।

कृषकले स्थानीयस्तरमा उत्पादन गर्न छोडेर सेतो भातको मुख ताक्न शुरु गरे। समयमै खाद्यान्न ढुवानी नभएकै कारण परनिर्भर बन्न वाध्य हुँदै आएका स्थानीयलाई अहिले त आफ्नो स्थानीय अन्न उत्पादन गर्ने जाँगर चल्न पनि छोडेको देखिन्छ। जिल्लामा पर्याप्त खाद्यान्न ढुवानी हुन सकेको पनि देखिँदैन। २०७२ सालदेखि चामल लिन कुपन बनाउनुपर्ने व्यवस्था गरियो। कुपन लिनुपर्दा स्थानीय तहलाई एउटा कुपनको २ सय रुपियाँ बुझाउनु पर्दथ्यो। अहिले पनि वडा कार्यालयले एउटा कुपनको १ सय रुपियाँ लिने गरेको छ। पछिल्लो समय शाखा कार्यालय बाहेक जिल्लाका हरेक डिपो र बिक्री केन्द्रबाट खाद्यान्न बिक्री समेत हुन सकेको छैन।

## निष्कर्ष र सुझाव

### निष्कर्ष

हुम्लामा एउटा बाली तयार हुन वर्ष दिन लाग्दछ। १२ महिना काम गरे पनि आन्तरिक उत्पादनले केवल ६ महिना मात्र धान्न सकिने अवस्था छ। तर, घरेलु मदिरा बनाउनका लागि अत्यधिक खाद्यान्न प्रयोग गर्ने गरिएको पाइन्छ। चामल लगायतका खाद्यान्न आयतका लागि ढुवानीको जिम्मा लिएका हवाइ कम्पनी र ठेकेदारले समयमै खाद्यान्न ढुवानी गर्दैनन् र मौसम समेत प्राय : प्रतिकूल हुने गर्दछ। त्यसैले परम्परागतरूपमा उत्पादित स्थानीय खाद्यान्नको उपभोग नगरी स्थानीय बासिन्दा आयातित चामलमा भर पर्दै जान थालेका छन्।

यहाँका स्थानीय युवाहरूमा कृषि पेशाप्रति आकर्षण रहेको देखिँदैन्। मल, बीउ, औजार, आदि सहज रूपमा उपलब्ध हुँदैनन् र सीमित रूपमा उत्पादित कृषि उपजले पनि बजार पाउँदैन। त्यसैगरी जमीन खण्डीकृत भएकाले उत्पादन अधिक हुने कुरै भएन। प्रत्येक वर्ष जिल्ला कृषि विकास कार्यालयमार्फत आउने अनुदान व्यवसायिक कृषक भन्दा पनि पहुँचवालाले पाउने गरेका छन्। अनुदानको कार्यक्रममा पारदर्शिता कायम भएको देखिँदैन। जलवायु परिवर्तनको असरले अनाज उत्पादन झन झन घट्दै गएको छ। त्यही कारण आयातमुखी उपभोक्तावादी संस्कृति मौलाउँदै गएको छ।

### सुझावः तत्कालीन र दीर्घकालीन

**तत्काल कार्यान्वयन गर्नुपर्ने:**

- हुम्ला लगायतका हिमाली जिल्लाहरूमा विद्यमान खाद्य सङ्कट अन्त्यका लागि तत्काल नेपाल सरकारको पहलमा एक विशेष कार्यदल बनाइ कार्य प्रारम्भ गर्ने।
- स्थानीय उत्पादन र बजारको पहुँचबाट खाद्यान्न प्राप्त भई नागरिकको पहुँच नभएसम्म अनुदानको व्यवस्था प्रभावकारी रूपमा कायम गर्ने, ढुवानी र वितरण प्रभावकारी बनाउने।
- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, हुम्ला शाखाले वार्षिक रूपमा बिक्री गर्दै आएको खाद्यान्न खपतका विषयमा सार्वजनिक सुनुवाइ हुनुपर्ने।

**दीर्घकालीनरूपमा कार्यान्वयन गर्नुपर्ने**

- जलवायुमा आएको परिवर्तनको प्रकोपको असरबाट खाद्य सुरक्षाको प्रत्याभूति गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा एक दीर्घकालीन योजना बनाउने।
- हाल उपभोक्तावादको असर स्वरुप मानिसमा बदलिएको खाद्य स्वभाव (फुडह्याविट) परिवर्तन गर्न स्थानीय उत्पादनको महत्वबारे व्यापकरूपमा जनचेतना जगाउने।
- दीर्घकालीनरूपमा हुम्लाबासीलाई खाद्यान्न परनिर्भरताको दुष्चक्रबाट मुक्त गर्न कर्णाली र छिमेकी प्रदेशहरूले प्रभावकारी योजना तर्जुमा र कार्यान्वयन गर्ने।

### सन्दर्भ सामग्री


१. कृषि विकास कार्यालयको तथ्याङ्क
२. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखाबाट तथ्याङ्क
३. जिल्ला समन्वय समितिका स्रोत तथ्याङ्क
४. जिल्ला प्रशासन कार्यालय, हुम्ला तथ्याङ्क
५. लिर्वड संस्थाको तथ्याङ्क